२३५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३२७/२०७१/०७२

जिल्ला बारा स्थायी घर गा.वि.स. हरैया १ बस्ने सन्तोष पाण्डे ..........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला बन कार्यालय, सिमरा, बारा ..........................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला बन कार्यालय, सिमरा, बारा ..........................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला बारा स्थायी घर गा.वि.स. हरैया १ बस्ने सन्तोष पाण्डेले जिल्ला बन कार्यालय, सिमरा, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।२८ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।११।२९ को खुलाई पठाई दिने बारे विषयक पत्र बमोजिम जिल्ला बन कार्यालय, सिमरा, बाराको मिति २०७१।१२।६, च.नं.१८५२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना बुँदा नं. १ को १७ पाना, बुँदा नं. ३ को पेज ४५ को १ प्रति तथा वुदा नं. २ को प्रतिवेदन कार्यालयमा नरहेकोले सम्बन्धित कार्यालयमा सम्पर्क राख्न पुनरावेदकलाई उपलब्ध गराईएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएको । बुँदा नं. २ मा निज पुनरावेदकले माग गरेको विवरण जिल्ला प्रशासन कार्यालय बाराबाट खटिगएको टोलीको प्रतिवेदन भएको कुरा स्वयंले पुनरावेदनमा उल्लेख गरेबाट तत् कार्यालयमा माग गरी उपलव्ध हुन सक्ने देखिन्छ । साथै सम्बन्धित कार्यालयले पनि उपलब्ध नगराएका बखत अग्रिम कारवाही गर्न सकिने नै हुँदा हाललाई यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७१ साल बैशाख १७ गते रोज ५ शुभम् ।